# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## सेवा प्रवाह संबन्धी सूचना

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको प्रभाव नेपालमा पनि कायम छ । त्यसको प्रभाव यस जिल्लामा समेत रहेको कारण लामो समयदेखि अदालतका सबै सेवाहरु संचालन हुन नसकेको अवस्था सबै महानुभावलाई जानकारी नै छ । लामो समय अदालतका सेवा बन्द हुँदा थुनामा रहेका थुनुवा ब्यक्तिको मुद्दा र बालबालिका सम्मिलित मुद्दा समेत प्रभावित रहेको अवस्था छ भने सम्मानित सर्वोच्च अदालतबाट श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाइ गर्न सकिने गरी २०७८।२।१३ देखि निर्देशिका लागु गरेको सन्दर्भमा कतिपय सेवाहरु श्रव्यदृश्य संवाद मार्फत पनि सञ्चालन गर्न सकिने भएको छ । तसर्थ उल्लेखित अवस्थालाई मध्यनजर राखी स्थानीय वारका पदाधिकारीज्यूहरुसँग भएको छलफल समेतका आधारमा मिति २०७८।३।१ गतेबाट स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउँदै यस अदालतमा देहायका कामकारवाही संचालन हुने बेहोरा यस अदालतको मिति २०७८।०२।२८ गतेको पूर्ण बैंठकको निर्णयानुसार अनुरोध गर्दछु।

देहाय

१. थुनुवा मात्र प्रतिवादी भएका मुद्दा र सुधारगृहमा रहेका बालबालिका पक्ष भएका मुद्दा एक दिनमा बढीमा २ (दुई) वटासम्म सुनुवाई गर्ने । त्यस्ता मुद्दाको सुनुवाईमा सहभागी कानून ब्यवसायी, थुनुवा तथा बालबालिका श्रव्यदृश्य संवादको माध्यमबाट सुनुवाईमा सहभागी हुने।

२. थुनछेक वहसमा सहभागी हुने कानून व्यवसायीहरू यस अदालतको पूर्वनिर्णय अनुसार श्रव्यदृश्य संवादको माध्यमबाट सहभागी हुने ।

३. मिलापत्र गर्ने प्रयोजनको लागि दर्ता गर्न ल्याएको सम्बन्धविच्छेद मुद्दामा विपक्षीका नामको म्याद वादीले तामेल गराउने गरी आएका फिराद र त्यस्ता मुद्दाको प्रतिउत्तर एक दिनमा बढीमा २(दुई) वटा सम्म दर्ता गर्ने । यसरी फिरादपत्र र प्रतिउत्तरपत्र ल्याउदा अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्बन गरी पक्षहरु र निजका कानून व्यवसायीहरु मात्र उपस्थिति हुने ।

४. पक्षहरुले मिलापत्र गर्न संयुक्त निवेदन दिएमा एक दिनमा बढीमा २(दुई) वटा सम्म निवेदन दर्ता गरी कारवाही गर्ने ।

५. मुद्दा फिर्ता गर्न पक्षले निवेदन दिएमा एक दिनमा २(दुई) वटा सम्म निवेदन दर्ता गरी कारवाही गर्ने ।

६. कुनै विदेशी व्यक्ति संलग्न भई दर्ताद्वारा विवाह गर्ने गरी निवेदन ल्याएमा भिसा समाप्त हुने अवस्था देखिए त्यस्तो निवेदन दर्ता गरी कारवाही गर्ने ।

७. कुनै व्यक्ति विदेश जानु पर्ने भई अधिकृत वारेशनामा दिनुपर्ने भएमा हवाई टिकट र भिसाको प्रमाण सहित निवेदन ल्याएमा एक दिनमा १(एक) वटा निवेदन दर्ता गरी कारवाही गर्ने।

८. अन्य सेवाहरु पूर्ववतरुपमा संचालन हुने ।

९. माथि उल्लेखित व्यवस्थाहरुको व्यवस्थापन तथा स्वास्थ्य सुरक्षाको मापदण्ड अवलम्बन गर्ने सम्बन्धमा अदालत प्रशासनले आवश्यक प्रबन्ध मिलाउने ।

<u>सम्पर्क ब्यक्ति र सम्पर्क नम्बरहरु:-</u>

शाखा अधिकृत तथा सूचना अधिकारी श्री देबराज भट्टराई- टेलिफोन नं. ०११-४९१४५२
मोवाइल नं. ९८५१२२३६३०

सूचना प्रविधि सहायक श्री नबिन त्वायना- मोवाइल नं. ९८४११९७३२३

शाखा अधिकृत देवराज भट्टराई
(सूचना अधिकारी)